# गौशाला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

गौशाला, महोत्तरी

मधेश प्रदेश, नेपाल

### आन्तरिक आय संकलन सम्बन्धी खुल्ला डाक बढाबढ प्रक्रियाका लागि आव्हान गरिएको सूचना

प्रथम पटक सुचना प्रकाशित मिति : २०८३।०१।०८

गौशाला नगरपालिकाले आ.व. २०८२।०८३ मा आन्तरिक आय संकलनको लागि तपसिल बमोजिम पोखरीठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति तथा फर्म वा कम्पनीबाट देहाय बमोजिमका शर्तको अधीनमा रही **खुल्ला डाक बढाबढ** आव्हान गरिन्छ ।

**शर्तहरु :**

१. खुल्ला डाक बढाबढ प्रक्रियाका लागि आव्हान गरिएको सूचना तालिका अनुसार गौशाला नगरपालिकाको सभाहलमा खुल्ला डाक बढाबढ प्रक्रिया अगाडि बढाइने छ ।

२. खुल्ला डाक बढाबढ प्रक्रियामा समाबेश हुन चाहने व्यक्तिले प्रत्येक चरणमा कबोल अकंको नेपाली नागरिक भए आफूले कबुल गरेको अंकको ५ प्रतिशत धरौटी रकम धरौटी खाता नं.०९४०३०००००००३००००३ मा जम्मा गरी भौचर पेश गर्नु पर्नेछ, अथवा नगदै कार्यालयमा जम्मा गर्नु पर्नेछ । बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको ७ दिन भित्र सम्झौता गर्न नआएमा ५ प्रतिशत राखेको धरौटी जफत हुनेछ ।

३. ठेक्का वापत नेपाल सरकारलाई तिर्नु, बुझाउनु पर्ने सबै कर ठेक्कादार स्वयंले बुझाउनु पर्ने छ ।

४ न्युनतम ठेक्का रकम भन्दा सबै भन्दा बढी ठेक्का रकम कबोल गर्नेलाई स्वीकृत गर्ने छ ।

५. ठेक्का स्वीकृत भई सम्पुर्ण रकम सम्झौता गर्नु पूर्व कबोल गरेको रकमको ४० प्रतिशत हुन आउने रकम (भ्याट वाहेकको रकम) गौशाला नगरपालिका कार्यालयको आन्तरिक राजस्व खाता नं.०९४०३०००००१००१००००००१ नेपाल बैंक लि.मा जम्मा गर्नु पर्नेछ र मु.अ.करको रकम आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्ने छ । बाँकी रकम दोस्रो किस्ताको २५ प्रतिशत २०८४ को बैशाख मसान्त र तेस्रो किस्ताको २० प्रतिशत २०८५ को बैशाख मसान्त र चौथो किस्ताको १५ प्रतिशत २०८६ को बैशाख मसान्तसम्म बुझाउने पर्नेछ ।

६ ठेक्केदारले ठेक्का सम्झौता गर्न आउदा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको असार मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी वा नगर नगरपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गएिको बैङ्क भौचर पेश गर्नुपर्ने छ ।

७. ठेक्का लागे पश्चात सो को संरक्षण, रेखदेख व्यवस्थापन, नाफा नोक्सान ठेक्केदार स्वयमले गर्नु पर्नेछ ।

८. कुनै कारण देखाई वा नदेखाई डाक बढाबढ प्रक्रियाबाट हुने ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा निहित रहनेछ ।

९. ठेक्का चलन ठेक्का सम्बन्धी कबुलियतनामा र पट्टा बमोजिम मात्र गर्न पाईने छ । कानूनले निषेध गरेको सामग्रीमा कर तथा सेवा शुल्क असुल गर्न पाईने छैन । नियम विपरीत कर असुल गरेको पाइएमा स्वत ठेक्का बदर गरी आवश्यक कारबाही हुनेछ ।

१०. ठेक्केदार र नगरकार्यापालिकाको, कार्यालयबीच कुनै किसिमको मतभिन्नता उत्पन्न भए कार्यालयको निर्णय अन्तिम हुनेछ ।

११. ठेक्का सम्बन्धी कुनै जानकारी लिनु परेमा नगरकार्यापालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१२. ठेक्का सम्झौता भैसकेपछि बन्द हडताल वा कुनै कारण देखाइ ठेक्का रकममा कुनै प्रकारको छुट र मिन्हा माफि दिइने छैन ।

१३. डाक बढाबढको अन्तर न्युनतम २००० र अधिकतम ५००० फरकमा मात्र दोश्रो प्रतिस्पर्धीले बोल्नु पर्ने छ ।

१४. ठेक्काको अवधि सम्झौता भएको मिति देखि ५ वर्षसम्मको लागि मान्य हुनेछ ।

१५. यस सूचनामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून तथा नगरकार्यापालिकाको,कार्यालयको नियमानुसार हुनेछ ।

**ओम बहादुर अधिकारी**
प्रमुख प्रशासकीय अधिकृत

# ठेक्का तालिका

| क्र.स. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | न्युनतम बोलपत्र रकम | डाक बढाबढ हुने मिति/समय /स्थान | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| 1 | 5-2082/083 | मल्हनिया पोखरी, गौशला नगरपालिका-०१, को आय संकलन ठेक्का बन्दोबस्त | २५,००,०००।- | २०८३/१/१५ दिउसो १२:०० बजे स्थान नगरपालिकाको सभाहलमा | ५ वर्ष |
| 2 | 6-2082/083 | इटाटार पोखरी गौशला नगरपालिका-०१, को आय संकलन ठेक्का बन्दोबस्त | १०,००,०००।- | २०८३/१/१५ दिउसो १२:०० बजे स्थान नगरपालिकाको सभाहलमा | ५ वर्ष |
| 3 | 7-2082/083 | पुरानो बजार (कान्ति बजार) पोखरी गौशला नगरपालिका-१२, को आय संकलन ठेक्का बन्दोबस्त | २,०२,५००।- | २०८३/१/१५ दिउसो १२:०० बजे स्थान नगरपालिकाको सभाहलमा | ५ वर्ष |
| 4 | 8-2082/083 | बडेर्वा पोखरी गौशला नगरपालिका-१०, को आय संकलन ठेक्का बन्दोबस्त | २,८१,०७०।- | २०८३/१/१५ दिउसो १२:०० बजे स्थान नगरपालिकाको सभाहलमा | ५ वर्ष |

थप जानकारीको लागि गौशाला नगरपालिकाको, कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

.......................................

ओम बहादुर अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

**ओम बहादुर अधिकारी**
प्रमुख प्रशासकीय अधिकृत